# केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी मोरङ प्रदेश नं १ नेपाल

## दरभाउपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु:

- दरभाउपत्रदाताले दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी ।
- बैङ्क ग्यारेन्टि / विड बण्ड को प्रति ।
- फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा दर्ता (मु.अ.कर) प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व. २०७८/०७९सम्मको कर चुक्ता प्रमाणपत्रको प्रति ।
- स्वःघोषणा पत्र ।
- डिप्लोमा इन फार्मेसि गरेका ३ जना व्यक्तिहरुको शैक्षिक योग्यता प्रमाणपत्रको प्रति ।
- NHPC वा DDA को पमाणपत्रको प्रति ।
- अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ।

नगद जमानत वापतको रकम कबोल गरेको अंकको **५ प्रतिशत** रकम केराबारी गाउँपालिकाको **धरौटी खाता नं ०५६२०५६५०१४२३००८** मा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ वा ठेक्का खोल्ने दिन देखी ७५ दिन मान्य अवधिको वैंक जमानत पेश गर्नुपर्नेछ ।साथै दरभाउपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको **राजश्व खाता ०५६२०५६५०१४२३००२** मा नगद **रु १०००।—(एक हजार)** जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## केराबारी, मोरङ
## १ नं. प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७९।०६।३१**

यस केराबारी गउँपालिका अन्तर्गत केराबारी पालिका अस्पतालमा बिमा कार्यक्रम अन्तर्गत फार्मेसी (औषधि बिक्री कक्ष) भाडामा लगाउने कार्य शिलबन्दी दरभाउपत्रको माध्यबाट सम्पन्न गर्नुपर्ने भएकोले ठेक्का लिन चाहाने इच्छुक फर्म/कम्पनीहरुले तपशिल बमोजिमको सेवा सर्तको अधिनमा रही मिति २०७९।०७।१८ गते दिनको १२ बजे भित्र दरभाउ पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र PPMO को वेवसाइट www.bolpatra.gov.np/egp अनलाईन मार्फत दरभाउपत्र दर्ता गर्नुपर्नेछ ।

**तपशिल**

| क्र.सं | दरभाउपत्रको नाम | ठेक्का नं. | न्युनतम कबोल अंक (मु.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | Operation of pharmacy at Kerabari Palika Hospital | 4/Rajaswa/2079/080 | ७,५०,०००<br>(सात लाख पचास हजार) | |

नोट :विस्तृत सूचना र सर्तहरुको लागि केराबारी गाउँपालिकाको वेवसाईट kerabarimun.gov.np र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी मोरङ

१ नं प्रदेश नेपाल


## ठेक्का सम्बन्धी आवश्यक शर्तहरु

१. फार्मेसी संचालन गर्ने कोठा गाउँपालिकाले केराबारी पालिका अस्पतालहाता भित्र उपलब्ध गराउने छ।

२. फार्मेसी २४ सै घण्टा (३६५ दिन) संचालन गर्नुपर्ने छ।

३. सम्झौता समयमा ठेक्का रकम एकमुष्ट मु.अ.कर सहित बुझाउनुपर्नेछ । एक मुस्ठ बुझाए वापत कुनै छुट मिनाहा दिइनेछैन ।

४. विमा वोर्डले निर्धारण गरेको औषधी बाहेकको हकमा औषधिमा कायम रहेको अधिकतम खुद्रा मूल्य (MRP)को अनिवार्य रूपमा घटिमा पाँच प्रतिशत छुट दिई विक्री वितरण गर्नुपर्नेछ ।

५. फार्मेसी संञ्चालनका लागि आवश्यक लगानी र जनशक्ति, भवनको स्वरुपमा फरक नपर्ने गरी कार्यलयको अनुमती लिई ईन्टेरियर व्यवस्थापन सेवा प्रदायकले नै गर्नुपर्नेछ ।

६. विधुत तथा फोहोरमैला व्यवस्थापन, मर्मत सम्भारको शूल्क सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

७. सेवा प्रदायक स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी दरभाउपत्रदातालाई कालो सूचीमा राख्न सकिनेछ ।

८. सेवा प्रदायकले सम्झौता अवधिको विचमा काम छोड्न चाहेमा कम्तीमा तीन महिना अघावै लिखित रूपमा पूर्व जानकारी कार्यालयलाई दिनुपर्नेछ । अन्यथा प्रचलित कानुन बमोजिम हुनेछ।

९. सम्झौतामा शर्तहरू बारम्बार उल्लघन गरेमा पहिलो पटक सुझाव दिने, दोस्रो पटक लिखित रूपमा स्पष्टिकरण सहित सचेत गराउन सक्ने र तेस्रो पटकमा सोही प्रकृया दोहोर्याएमा सम्झौता रद्द गरी कालोसुचिमा समेत राख्न सक्नेछ ।

१०. सम्झौता अवधि बढीमा एक वर्षको हुनेछ । ठेक्का व्यवस्थापन हुन नसकेको समयमा तथा अन्य विशेष अवस्थामा गाँउ कार्यपालिकाको निर्णय बमोजिम म्याद थप हुन सक्नेछ ।

११. बुदा नं १० बमोजिम म्याद थप गरिएमा सम्झौता रकम आ.व.२०७९।०८० पुरा भईसकेपछी क्रमश तीन, पाँच, सात र दश प्रतिशतले क्रमस प्रत्येक वर्ष वृद्धि हुनेछ ।

१२. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन । एक फर्म वा संस्थाले गाउँपालिकासँग सम्झौता गरी अर्को फर्म / व्यवसायलाई सेवा उपलब्ध गराउने गरी विक्री वितरण गर्न पाउने छैन ।

१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केराबारी गाउँपालिकामा निहित रहनेछ ।

१४. दरभाउपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा केराबारी गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१५. स्वास्थ्य विमा गरिएका विरामीहरुका लागि बिमा बोर्डले निर्धारण गरेको मुल्यमा तोकिएका औषधीहरु अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ ।

१६. औषधीको क्लेम इन्ट्री (Claim Entry ) आफै गर्नु पर्नेछ ।

१७. ठेक्का अवधि ठेक्का स्वीकृत भएको दिन देखी २०८० असार मसान्त सम्मको लागी मात्र हुनेछ ।

१८. बिमाका बिरामीहरुलाई उपलव्ध गराएको औषधिको सोधभर्ना बिमा बोर्डले रकम उपलव्ध गराए बमोजिम हुनेछ ।

१९. बिमा सुविधा अन्तर्गत नपर्ने औषधिको सोधभर्ना गरिने छैन ।

२०.फार्मेसी (औषधि विक्री कक्ष) संचालनका लागि आवश्यक पर्ने लागानी तथा जनशक्ति संचालक स्वयंले व्यवस्था पर्नुपर्नेछ ।

२१. दरभाउपत्र स्विकृत गर्ने वा खारेज गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।

२२. नगद जमानत वापतको रकम कबोल गरेको अंकको ५ प्रतिशत रकम केराबारी गाउँपालिकाको धरौटी खाता नं ०५६२०५६५०१४२३००८ मा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ वा ठेक्का खोल्ने दिन देखी ७५ दिन मान्य अवधिको वैंक जमानत पेश गर्नुपर्नेछ ।साथै दरभाउपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको राजश्व खाता ०५६२०५६५०१४२३००२ मा नगद रु १०००।—(एक हजार) जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

२३. बन्द हडताल तथा प्राकृतिक प्रकोप महामारीको कारण कर छुट वा मिनाहा दिइने छैन ।

२४. कुनै सर्त सहितको दरभाउपत्र स्वीकृत हुने छैन ।

२५. यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सवै दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

२६. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ। थप जानकारीका लागि ०२१-४०३११० मा सम्पर्क गर्न सकिनेछ ।

**पेश गर्नुपर्ने कागजातहरु**

- दरभाउपत्रदाताले दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी ।
- बैङ्क ग्यारेन्टि / विड बण्ड को प्रति ।
- फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा दर्ता (मु.अ.कर) प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रति ।
- स्वःघोषणा पत्र ।
- डिप्लोमा इन फार्मेसि गरेका ३ जना व्यक्तिहरुको शैक्षिक योग्यता प्रमाणपत्रको प्रति ।
- NHPC वा DDA को पमाणपत्रको प्रति ।
- अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**